# सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

सुख्खा तथा हावाहुरी चल्ने मौषममा गाउँ-शहर-वस्तीमा आगलागिको जोखिम छ भने वजनजंगलमा डढेलोको वर्षेनि आगलागि तथा डढेलोमा परि धेरै जन-धनको क्षतिहुने भएको हुदाँ, सावधानी अपनाउने हो भने यस्तो जन-धनको क्षती कम गर्न सकिन्छ । अत: यसै जोखिमलाई मध्यनजर गर्दै सुनिलस्मृति गाउँपालिका सुलिचौर रोल्पाबाट जारी गरिएको आगलागि हुनै नदिने तथा दुर्घटनावस आगलागि भैहालेको अवस्थामा वचाउका उपायहरु सहितको जनचेतनामुलक सूचना ।

<u>आगलागि हुनै नदिऔं</u>

- खाना पकाईसकेपछि आगो, ग्यास चुल्हो, स्टोभ वा हिटर निभाइहालौं ।
- सिलिन्डरको रेगुलेटर, पाइपबाट वा चुल्होबाट ग्यास लिक भएको छ कि छैन भन्ने ख्याल राखौं । ग्यासको गन्ध आएमा बेवास्ता नगरौं र सावधानी अपनाऔं ।
- चुरोट, विडि, तमाखु, सुल्पा, चिलिम आदी धुम्रपान जन्य वस्तुहरु स्वास्थ्यका लागि हानिकारक हुनुका साथै आगलागिको मुख्य कारण पनि हुन् त्यसैले यस्ता वस्तुहरुको सेवन नगरौं । सेवन गर्नै परे त्यस्तो वस्तुहरुको ठुट्टा आगो निभाई मात्र फाल्ने गरौं ।
- पुजा कोठा वा अन्य ठाउँमा धुपवत्ती, दियो बाल्दा नजिकै तेल, कागज, कपडा र अन्य छिटै आगो समात्ने (सल्कने) खालको वस्तुहरु नराखौं ।
- विजुलिका तार, स्वीच, प्लग तथा वायरिङ्ग ठीक अवस्थामा छन्-छैनन् नियमित जाँच गरौं । ठीक अवस्थामा नभएक आवश्यक मर्मतसम्भार गरौं र सम्भावित जोखिम न्यूनिकरण गरौं ।
- मल्टिप्लग, पानी तताउने जग, टिभि, पंखा तथा अन्य विधुतीय उपकरणहरु काम सकिने वित्तिकै निभाऔं/वन्द गरौं ।
- सलाई र लाइटर जस्ता आगो सल्काउने चिज र मट्टितेल, डिजेलद, पेट्रोल जस्ता अति प्रज्वलनशिल पदार्थहरु बालबालिकाको पहुच भन्दा टाढा राखौं र वयस्क व्यक्तिहरुले समेत सावधानी पूर्वक प्रयोग गरौं ।
- गोठमा, वारीमा वा अन्य ठाउमा कुडो (गाईवस्तुलाई खुवाउने दाना) पकाइसकेपछि राम्ररी पानी हालेर आगो निभाउने बानी बसालौं ।
- खेतवारीमा, जंगलमा अनावश्यक रुपमा आगो लगाउने, आगो लगाएर छोड्ने काम नगरौं र आफ्नो वरपर पनि कसैलाई नगर्न दिऔं ।
- घर तथा कार्यलयमा श्रोत साधनको उपलब्धता भएसम्म फायर अलार्म जडान गरौं ।

प्रमुख प्रशासकीय अधिकृत

सुनिलस्मृति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

- आगलागिको जोखिममा रहेका घर, वस्ती नजिकै पोखरी, टयाङ्की वा अन्य कुनै तरिकाले पानीको जोहो गरीराखौं, स्याउला, माटो, वालुवा थुपारेर राखौं ।आपतकालीन अवस्थामा छिटो प्रयोग गर्न सकिन्छ र क्षति कम गर्न सकिन्छ ।
- वन जंगलमा अनावश्यक रुपमा आगो नलगाऔं, लगाउनै परे पनि समुहमा नियन्त्रीत तरिकाले मात्रै आगो लगाई, काम सकिएपछि लगाएको आगो पूर्ण रुपमा निभाऔं ।

## सावधानी अपनाउदा अपनाउदै पनि यदि आगलागिको घटना भयो भने के गर्ने ।

- आगोलागेको थाहा पाउने वित्तिकै घरछिमेक लाई गुहार लगाउने, सहयोग माग्ने ।
- दमकल र प्रहरीलाई खवर गरिहालौं ।
- पानी, माटो, वालुवा, हरियो स्याउला जे छ त्यहि एक अर्कालाई पास गर्दै सुरक्षित तरिकाले आगो निभाऔं ।
- बालबालिका, सुत्केरी, जेष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकतामा राखि सुरक्षित स्थानमा पऱ्याऔं ।
- दमकललाई आगलागि भएको ठाउँसम्म पुग्ने छोटो र सजिलो बाटो बताइदिऔं ।
- आगो निभाउन जादा एकै ठाउँमा नउभिऔं । सवै भन्दा पहिले आफू सुरक्षित होऔं र अरुको सुरक्षार्थ खटिऔ ।

मिति : ३० फागुन २०८०
ने.सं. ११४४ चिल्लाथ्व, ३ वुधवार

...........................
(गोविन्द भट्टराई)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत